REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 02.07.2025

## 1. GT Dhungel-Nashamukt Samaj

सिक्किम सरकारका स्वास्थ्य विभागका मन्त्री जीटी ढुङ्गेलले नशामुक्त समाज निर्माणका लागि सामुदायिक सहभागिताको आह्वान गर्नुभएको छ। आज मन्त्री ढुङ्गेल आफ्नो निर्वाचन क्षेत्र अप्पर तादोङका मानिसहरूसँग संवाद गर्दै हुनुहुन्थ्यो। जनचेतनाको माध्यमबाट मात्र सबैलाई नशामुक्त अभियानमा संकल्पित बनाउन सकिन्छ भन्दै उहाँले नशामुक्त कार्यक्रमलाई साझा अभियानका रूपमा अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो। सिक्किममा लगातार बढ्दै गइरहेको नशा सेवन गर्नेको संख्या र लागूऔषध बेचबिखनमा भइरहेको वृद्धिमाथि चिन्ता व्यक्त गर्दै मन्त्री ढुङ्गेलले यस विरुद्ध एकजुट हुन अपील गर्नुभयो। उल्लेख्य, नशामुक्त सिक्किम अभियान अन्तर्गत अप्पर तादोङ निर्वाचन क्षेत्रले आजदेखि जनजागरण कार्यक्रम शुरु गरेको छ।

## 2. 9th Khariff Beema Saptah

नवौं फसल बीमा सप्ताहको राज्यस्तरीय कार्यक्रम आज सिक्किम सरकारको कृषि विभागमा आयोजना गरियो। जुलाई 1 देखि 7 सम्म सबै छ जिल्लाहरूमा मनाइने यो अभियानले प्रधानमन्त्री फसल बीमा योजनाबारे सचेतना जगाउने उद्देश्य राखेको छ। कार्यक्रममा कृषि तथा बागवानी मन्त्री पूरणकुमार गुरुङ प्रमुख अतिथि हुनुहुन्थ्यो। उहाँले प्रधानमन्त्री फसल बीमाको व्यापक कार्यान्वयन र सचेतनाको महत्त्वमाथि जोड दिनुभयो। उहाँले मानिसहरूलाई यस अभियानबारे जानकारी भए तापनि कृषि लाभ पूर्णतः प्राप्त हुन नसकेको बताउनुभयो। मन्त्रीले कृषकहरूलाई प्रभावकारी रूपम मार्गदर्शन गर्न अधिकारीहरूलाई आग्रह गर्नुभयो।

## 3. UNNATI-2024 & NER Schemes in Namchi-

वाणिज्य तथा उद्योग विभागले आज नाम्चीमा उन्नति-२०२४ र अन्य पूर्वोत्तर क्षेत्र (एनईआर) योजनाहरू सम्बन्धी जागरूकता कार्यशाला आयोजना गऱ्यो।

कार्यक्रमको उद्देश्य सिक्किममा उद्यम विकासलाई सहयोग गर्न उपलब्ध सरकारी पहलहरूको बारेमा इच्छुक उद्यमीहरू र आम जनतालाई जानकारी गराउनु रहेको थियो। शहरी विकास विभाग (यूडीडी) र खाद्य तथा नागरिक आपूर्ति विभागका मन्त्री भोजराज राई कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। आफ्नो सम्बोधनमा श्री राईले मुख्यमन्त्रीको "एक परिवार, एक उद्यमी" को दृष्टिकोण अनुरूप राज्यभर उद्यमशीलतालाई प्रवर्द्धन गर्न

कार्यशाला आयोजना गरिएको बताउनुभयो। कार्यक्रममा जिल्ला अध्यक्ष अञ्जिता राजलिमले सहभागीहरूलाई सरकारले प्रदान गरेको विभिन्न योजनाहरू उपयोग गर्न प्रोत्साहित गर्नुभयो। वाणिज्य तथा उद्योग विभागका सहसचिव गोपाल के छेत्रीले उन्नति योजनाका मुख्य विशेषताहरू व्याख्या गर्नुभयो। कार्यक्रममा बैंकिङ प्रक्रियाहरूसम्बन्धी परामर्श सत्र पनि समावेश गरिएको थियो। कार्यशालामा विभिन्न विभागका अधिकारीहरू र कर्मचारीहरू, उद्यमीहरू र स्थानीय मानिसहरू उपस्थित थिए।

## 4. Bethi Mahotsav-

गेजिङ बर्मेक निर्वाचन क्षेत्रको ओमचुङ ग्राम प्रशासन केन्द्र परिसरमा कृषि विभाग तथा जिल्ला प्रशासन केन्द्रको संयुक्त आयोजनमा बेठी महोत्सव(धान रोपण) कार्यक्रम आज सम्पन्न भयो। कार्यक्रममा जनस्वास्थ्य अभियान्त्रिकी तथा जल संसाधन विभागका सल्लाहकार एवम् क्षेत्र विधायक लोक नाथ शर्मा मुख्य अतिथि हुनुहुन्थ्यो भने साथमा मिल्क युनियनका अध्यक्ष याम कुमार मिश्र, जिल्लापाल तेन्जिङ डी डेन्जोङपा, कृषि विभागका अतिरिक्त निर्देशक कर्मा शेर्पा  लगायत लगायत विभिन्न विभागका अधिकारी अनि कार्यकर्ताहरूको विशेष उपस्थिति रहेको थियो।  कार्यक्रमलाई सम्बोधन गर्दै विधायक लोकनाथ शर्माले  बेठी महोत्सव पुरानो प्रथा हो भन्नुभयो। उहाँले यसरी सामुहिक रूपमा खेती गर्दा आम कृषकहरू प्रोत्साहन हुने जानकारी गराउँदै  युवा पुस्ताले बाँझो जमिनलाई खेती गरेर पुनः हरियाली बनाउनुपर्ने सुझाव दिनुभयो। गेजिङ बर्मेकले लगातार पालन गर्दै आएको यस बेठी महोत्सवलाई निरन्तरता दिनुपर्ने कुरामा जोड दिंदै विधायक शर्माले वर्तमान सरकार कृषक र ग्राममुखी रहेको बताउनुभयो।

## 5. Online Gaming-

सिक्किमका नागरिकहरूलाई वित्तीय धोखाधडीबाट जोगाउन सिक्किम राज्य लटरी निर्देशनालयले राज्यको सिआइडी पुलिस र इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी मन्त्रालय (एमईआईटीवाई) सँगको समन्वयमा अवैध अनलाइन जुवा प्लेटफर्महरूमा कारबाही सुरु गरेको छ। यस आशयको जानकारी दिँदै सिक्किम राज्य लटरीका प्रमुख निर्देशक पवन अवस्थीले मानिसहरूलाई अनधिकृत जुवा वेबसाइटहरूबाट टाढा रहन आग्रह गर्नुभएको छ। साथै उहाँले सरकारले पहिले नै अपंजीकृत प्लेटफर्महरू पहिचान गरी कारवाही गर्न थालिसकेको पनि उल्लेख गर्नुभयो।

## 6. Badminton

जिल्ला बेडमिन्टन संघले पहिलो अन्तर विद्यालय बेडमिन्टन प्रतियोगिता सञ्चालन गर्न गइरहेको छ। जिल्ला स्तरको प्रतियोगिता जुलाई 15 र 16 तारिक हुनेछ भने राज्य स्तरको प्रतियोगिता अगस्ट 3 र 4 तारिक गान्तोकमा हुनेछ। इच्छुक प्रतियोगीहरूले जुलाई 5 सम्ममा आवेदन दिन सक्नेछन्।

## 7. Weather

मौसम विभागले दिएको जानकारीअनुसार बितेको चौबीस घण्टामा गान्तोकमा अधिकतम तापक्रम 23 डिग्री सेल्सियस, न्युनतम तापक्रम 18.4 डिग्री सेल्सियस अनि सापेक्षिक आद्रता 90 प्रतिशत रेकर्ड गरियो। भोलि अधिकतम तापक्रम 27 डिग्री सेल्सियस र न्यूनतम तापक्रम 18 डिग्री सेल्सियस रहने पूर्वानुमान गरिएको छ।